# नवलपरासी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन


**शोधार्थी**

सरस्वती पाठक

दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २४०००९८

त्रि.वि.दर्ता नं. : ९-२-५७५-४७-२००८


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा
शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम.एड.),
द्वितीय वर्षको नेपा. शि. ५९८ पाठ्यांश
पुरा गर्ने प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

**२०७४/2017**


नेपाली भाषा शिक्षा विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

## प्रतिबद्धतापत्र

प्रस्तुत 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकको शोधपत्र मेरो मौलिक शोधपत्र हो । यसका कुनै अंश प्रतिलिपि, प्रकाशित र शोध प्रयोजन स्वरूप उपाधि लिन विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७४/०५/२५

(सन् : १०/०९/२०१७)

...........................

**सरस्वती पाठक**

शोधार्थी

**सप्तगण्डकी बहुमुखी क्याम्पस**

**शिक्षा शास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग**

## निर्देशकको सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी सरस्वती पाठकले मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँले यस शोधपत्र तयार गर्न निकै परिश्रम गर्नु भएको छ । यस शोध कार्यबाट म पूर्ण सन्तुष्ट छु । अतः यस शोधपत्रलाई आवश्यक मूल्याङ्कनको लागि नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस समक्ष सिफारिस गर्दछु ।

..........................................

**उप-प्राध्यापक बलराम शिवाकोटी**

शोध निर्देशक

मिति : २०७४/०५/२५

(सन् : १०/०९/२०१७)

# कृतज्ञता ज्ञापन

यस 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र त्रि.वि., शिक्षा शास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको आंशिक आवश्यक्ता परिपूर्तिका लागि तयार पारिएको हो ।

सर्वप्रथम यस शोधपत्रलाई तयार गर्ने क्रममा कहिल्यै बोझ र झन्झटका रूपमा नलिई हरतरहले सहयोग गर्नु हुने विभागीय प्रमख तथा शोध निर्देशक आदरणीय गुरु श्री बलराम शिवाकोटीप्रति कृतज्ञ छु । यस शोधको शीर्षक चयनदेखि शोधपत्र तयार गर्दासम्म सल्लाह र सुझाव दिनु हुने सम्पूर्ण गुरुहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधपत्र तयारीका क्रममा आवश्यक सामग्री उपलब्ध गराउन सहयोग पुऱ्याउने सप्तगण्डकी बहुमुखी क्याम्पसको पुस्तकालय, क्याम्पस प्रशासन, लेखा शाखा, त्रि.वि. केन्द्रीय पुस्तकालय र शिक्षा शास्त्र सङ्काय पुस्तकालयप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मलाई शोधपत्र लेखनको क्रममा हरतरहले सल्लाह र सहयोग गर्नुहुने जीवनसाथी जगन्नाथ पाण्डेप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसैगरी मेरो जीवनको सुरुवातदेखि नै तन, मन र धन खर्च गरेर अगाडि बढ्न हौसला प्रदान गर्नुहुने मेरी ममतामयी आमा श्री टुकादेवी पाठकज्यूमा म हृदयदेखि आभार प्रकट गर्दछु । मेरी प्यारी छोरी किन्जल पाण्डे र मेरी बहिनी एवम् आफन्तहरू र सम्पूर्ण सहयोगी साथीहरूप्रति पनि म आभारी छु ।

यसरी मलाई सहयोग गर्नु हुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आवश्यक मूल्याङ्कनका लागि नेपाली शिक्षा विभाग सप्तगण्डकी बहुमुखी क्याम्पस समक्ष यो शोधपत्र पेस गर्दछु ।

मिति : २०७४/०५/२६

(सन् : ११/०९/२०१७)

**सरस्वती पाठक**

शोधार्थी

# शोधसार

**शोध शीर्षक** : 'नवलपरासी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन'

**शोधार्थी** : सरस्वती पाठक

**शोध निर्देशक** : उप-प्रा. बलराम शिवाकोटी

**विभाग/क्याम्पस** : नेपाली भाषा शिक्षा विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस, चितवन

**पृष्ठ सङ्ख्या** : ६६

**परिच्छेद** : पाँच

यस शोधको उद्देश्यमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनुका साथै दृष्टांश पाठ्य सामग्रीको बोध परीक्षणको अध्ययन गर्नु रहेको छ भने उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको आंशिक आवश्यक्ता पुरा गर्नका लागि तयार पारिएको हो ।

यस 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा तयार पारिएको शोधपत्रमा अनुसन्धान कार्यलाई व्यवस्थित र भरपर्दो बनाउनका लागि प्रतिनिधि नमुनाका रूपमा नवलपरासी जिल्लामा रहेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी प्रत्येक विद्यालयका १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ ।

यस अध्ययनमा नमुना सर्वेक्षण तथा सामग्री सङ्कलन विधिलाई अवलम्बन गरिएको छ । यसमा भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको छनोट गरिएको छ । सूचना सङ्कलन प्रक्रिया अन्तर्गत पठनबोध क्षमताको अध्ययनको लागि प्रश्नावली निर्माण गरी आवश्यक सूचना सङ्कलन गरिएको छ ।

भाषिक व्यवस्थाअन्तर्गत अभिव्यक्त विचारलाई ग्रहण गर्ने महत्त्वपूर्ण माध्यम पठनबोध हो । ज्ञान विज्ञानका क्षेत्रमा लिपिबद्ध रूपमा आएका नयाँ नयाँ विचार तथा दृष्टिकोणलाई पढेर बुझ्नका लागि पठनबोधको महत्त्व रहन्छ । विद्यार्थीलाई बोध क्षमता विकासका लागि कक्षा कार्यकलापका साथसाथै कक्षाको स्तर र रुचि अनुसारका अन्य विभिन्न कार्यकलापहरू गराउन सकिन्छ । पठनबोध सधै र सबै अवस्थाहरूमा एकनासले नहुन सक्छ । यसमा विभिन्न तत्वहरूले प्रभाव पार्न सक्छन् ।

प्रस्तुत शोधको शीर्षक 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' रहेको छ । यसै शीर्षकसँग सम्बन्धित रहेर नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के-कस्तो छ ? दृष्टांश पाठ्य सामग्रीको बोध क्षमता कस्तो छ ? विद्यार्थीहरूको लैङ्गिकता, भाषिक, पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमताको अध्ययन के-कसरी गर्न सकिन्छ ? जस्ता समस्याहरूमा अध्ययन केन्द्रित रहेको छ । यिनै समस्याको समाधानका लागि विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु दृष्टांश पाठ्य सामग्रीको बोध परीक्षणको तुलनात्मक अध्ययन गर्नु, लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमताको अध्ययन गर्नुजस्ता उद्देश्यहरू राखेर प्रस्तुत अध्ययन गरिएको छ ।

प्रस्तुत शोधमा नवलपरासी जिल्लाका कक्षा आठमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई जनसङ्ख्याका रूपमा लिइएको छ भने प्रतिनिधि नमुनाका रूपमा नवलपरासी जिल्लाअन्तर्गतका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी प्रत्येक विद्यालयका कक्षा आठमा अध्ययनरत १०/१० जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थी छनोट गरिएको छ । यस अध्ययनमा नमुना छनोटमा सम्भाव्य नमुना छनोट पद्दतिअन्तर्गत यादृश्छिक नमुना छनोट पद्दति, सर्वेक्षण विधि तथा सामग्री सङ्कलन विधिलाई अवलम्बन गरिएको छ । प्रस्तुत छनोट गरिएका विद्यार्थीहरूको पठनबोध क्षमता परीक्षणका लागि दृष्टांश पाठ्य सामग्रीबाट प्रश्नावली तयार गरी परीक्षा सञ्चालन गरेर प्राप्ताङ्कका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्कलाई प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा व्याख्या विश्लेषण र तुलना गरिएको छ । अध्ययनमा प्राथमिक स्रोतका रूपमा कक्षा आठमा अध्ययनरत १०० जना

विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ भने द्वितीय स्रोतका रूपमा पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू, पत्र-पत्रिकाहरू, लेख, रचना आदि रहेका छन् ।

जम्मा पाँचवटा परिच्छेदमा सङ्गठित प्रस्तुत शोधकार्यलाई क्रमशः परिच्छेद एकमा शोध परिचयअन्तर्गत विषय प्रवेश, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधको सान्दर्भिकता र उपादेयता र अध्ययनको सीमाङ्कन गरी पाँचवटा उप-शीर्षकमा समेटिएका छन् ।

त्यस्तै परिच्छेद दुईमा पठनबोधको समीक्षा र पठनबोधको सैद्धान्तिक परिचयअर्न्तगत विषय प्रवेश, सम्बद्ध शोधको समीक्षा, पूर्वकार्यको उपादेयता, बोधको परिचय, बोधका प्रकारहरू पठनबोधका तहहरू, पठनबोधको महत्त्व, पठनबोध शिक्षणको प्रयोजन, पठनबोध शिक्षणका उद्देश्यहरू, पठनबोध शिक्षणका कार्यकलापहरू, पठनबोधको शिक्षणको क्रम र पठनबोधमा प्रभाव पार्ने त्तत्वहरूका बारेमा उल्लेख गरिएको छ ।

परिच्छेद तीनमा शोधविधि र प्रक्रियाअन्तर्गत विषय परिचय, अध्ययनको ढाँचा, जनसङ्ख्या र नमुना/अध्ययन क्षेत्र, नमुना छनोट प्रक्रिया, तथ्याङ्क/सूचना सङ्कलनका उपकरणहरू वा सामग्री निर्माण, तथ्याङ्क र सूचना सङ्कलन प्रक्रिया, पूर्व परीक्षण, परीक्षणको कार्यान्वयन, तथ्याङ्क विश्लेषण प्रक्रिया र शोधकार्यको रूपरेखाका बारेमा उल्लेख गरिएको छ ।

यस शोधपत्रको परिच्छेद चारमा पठनबोध क्षमताको समग्र स्थितिको व्याख्या तथा विश्लेषण गरिएको छ । समग्र विद्यार्थीको प्रतिशत, मध्यमान र मानक विचलनका आधारमा दृष्टांश क्षमताको स्थिति, समूहगत दृष्टांश क्षमताको स्थिति पनि गणना गरियो ।

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा सारांश, निष्कर्ष, उपयोगिता, सुझाव र भावी अध्ययनका लागि सम्भावित शीषर्कहरू प्रस्तुत गरिएको छ ।

विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको कमजोर रहेकाले विद्यार्थीहरुमा स्वाध्यायन गर्ने बानीको विकास गराउनु आवश्यक देखिन्छ । यसका साथै नेपाली दोस्रो भाषी विद्यार्थीहरु नेपाली पहिलो भाषी विद्यार्थीहरुभन्दा कमजोर रहेकोले नेपाली भाषाको पठन-पाठनमा अझ बढी मेहनत गर्नुपर्ने स्थिति देखिन्छ । त्यसैगरी संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको पठनबोध क्षमता कमजोर रहेकोले सामुदायिक विद्यालयमा पनि नियमित पठन-

पाठनको साथै विभिन्न सन्दर्भ सामग्री तथा पत्रपत्रिकाको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका साथै विद्यार्थीहरुमा पठनबोध क्षमता विकासको लागि पठनबोध क्षमतासम्बन्धी विभिन्न क्रियाकलापहरु गराउनु आवश्यक ठानिएको छ ।

# विषयसूची

पृष्ठ सङ्ख्या

**परिच्छेद एक**

**शोध परिचय**

| | | |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | शोधको उद्देश्य | २ |
| १.४ | शोधको सान्दर्भिकता र उपादेयता | २ |
| १.५ | शोधकार्यको सीमाङ्कन | ३ |

**परिच्छेद दुई**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय**

| | | |
|---|---|---|
| २.१ | पूर्वकार्यको समीक्षा | ४ |
| | २.१.१ पुस्तक समीक्षा | ४ |
| | २.१.२ शोध समीक्षा | ६ |
| २.२ | बोधको परिचय | ११ |
| २.३ | बोधका प्रकारहरू | १३ |
| | २.३.१ पठनबोध | १३ |
| | २.३.२ श्रुतिबोध | १४ |
| | २.३.३ दृष्टिबोध | १५ |
| | २.३.४ स्पर्शबोध | १५ |
| | २.३.५ आस्वाद बोध | १६ |
| | २.३.६ घ्राणबोध | १६ |
| २.४ | पठनबोधका तहहरू | १६ |
| २.५ | पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू | १७ |
| २.६ | पठनबोधको महत्त्व | १९ |

२.७ पठनबोध शिक्षणको प्रयोजन २०
२.८ पठनबोध शिक्षणका उद्देश्यहरू २१
२.९ पठनबोध शिक्षणका कार्यकलापहरू २२
२.१० पठनबोधको शिक्षण क्रम २३

**परिच्छेद तीन**

**शोधविधि र प्रक्रिया**

३.१ विषय परिचय २८
३.२ जनसङ्ख्याको छनोट २८
३.३ नमुना छनोट प्रक्रिया २८
३.४ तथ्याङ्क र सूचना सङ्कलन प्रक्रिया २८
३.५ तथ्याङ्क र सूचना सङ्कलन प्रक्रिया २८
३.६ परीक्षणको कार्यान्वयन २९
३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया २९
३.८ शोधपत्रको रूपरेखा २९

**परिच्छेद चार**

**व्याख्या तथा विश्लेषण**

४.१ विषय प्रवेश ३१
४.२ समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति ३२
४.२.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति ३२
४.२.२ मध्यमान र मानक विचलनका आधारका विद्यार्थीको पठनबोध क्षमताको स्थिति ३२
४.३ समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति ३३
४.३.१ प्रतिशतका आधारमा विद्यार्थीको दृष्टांश पठनबोध क्षमताको स्थिति ३३
४.३.२ मध्यमान र मानक विचलनका आधारमा दृष्टांश पठनबोध क्षमताको स्थिति ३४

४.४ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति ३५
४.५ समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति ३७
४.६ विभिन्न समूहबीच पठनबोध क्षमताको तुलनात्मक विश्लेषण ३९
४.६.१ पठनबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीचको तुलना ३९
४.६.२ पठनबोध क्षमतामा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयबीचको तुलना ४०
४.६.३ पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीबीचको तुलना ४१

**परिच्छेद पाँच**

**सारांश, निष्कर्ष र उपयोगिता**

५.१ सारांश ४३
५.२ निष्कर्ष ४३
५.३ सुझाउहरू ४६
५.४ उपयोगिता ४७
५.४.१ नीतिगत तह ४७
५.४.२ प्रयोगात्मक तह ४७
५.५ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू ४८
सन्दर्भग्रन्थसूची
परिशिष्ट ‘क’ : पठनबोध क्षमताको अध्ययनमा प्रयोग गरिएको अनुच्छेद
परिशिष्ट ‘ख’ : पठनबोध क्षमता अध्ययनको नमुना मूलयाङ्कन तालिका
परिशिष्ट ‘ग’ : अध्ययनमा सहयोगी विद्यालयको नामावली
व्यक्तिवृत्त

# तालिकासूची


तालिका नं. पृष्ठ

१ : समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति ३२

२ : मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति ३२

३ : समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति ३३

४ : मध्यमान र मानक विचलनका आधारमा दृष्टांश पठनबोध क्षमताको स्थिति ३४

५ : समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको समूहगत स्थिति ३५

६ : समग्र मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको समूहगत दृष्टांश पठनबोध क्षमताको स्थिति ३७

७ : पठनबोध क्षमताको लैङ्गिकताका आधारमा छात्र र छात्राबीच तुलना ३९

८ : पठनबोध क्षमतामा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयहरूबीचको तुलना ४०

९ : भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूबीचको तुलना ४१

# सङ्क्षेपीकृत शब्द सूची

| | | |
|---|---|---|
| उप प्रा. | : | उप-प्राध्यापक |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| आ.मा.वि. | : | आवासीय माध्यमिक विद्यालय |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| ने.प्र.प्र. | : | नेपाल प्रज्ञा प्रतिष्ठान |
| ने.बृ.श. | : | नेपाली बृहत शब्दकोश |
| ने.भा.शि.वि. | : | नेपाली भाषा शिक्षा विभाग |
| संस्क. | : | संस्करण |
| त्रि.वि.वि. | : | त्रिभुवन विश्वविद्यालय |